सम्पर्क नं. : ०२५५४३०३०

# स्थानीय सरकार
# दुहवी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

दुहवी, सुनसरी
कोशी प्रदेश, नेपाल

प. स. :-२०८२/०८३
च. नं. :- ५३५४

मिति : २०८३/०३/३२

श्री वडा कार्यालय सबै (१ देखि १२) ।
दुहवी नगरपालिका

## सामाजिक सुरक्षा परिचयपत्र नविकरण सम्बन्धी अत्यन्त जरुरी सूचना

प्रस्तुत विषयमा सामाजिक सुरक्षा (तेस्रो संशोधन) नियमावली, २०८२ को नियम (९) र सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०८२ को दफा (७) बमोजिम सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्नुपर्ने व्यवस्था भए बमोजिम यस नगरपालिकाका १ देखि १२ वटै वडाहरुमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले सम्बन्धित वडा कार्यालयमा उपस्थित भै तोकिएको ढाँचामा निवेदन दिई २०८३ श्रावण १ गते देखि ऐ. असोज मसान्त भित्र अनिवार्य रुपमा आफ्नो सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गराउनु हुन सुचित गरिन्छ । साथै उक्त बमोजिमको म्याद भित्र नवीकरण नभएका लाभग्राहीको लगत कट्टा गरिने प्रावधान समेत रहेको हुँदा सोही अनुरुप गर्नु गराउनु हुन समेत अनुरोध छ ।

**सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्न आउँदा ल्याउनुपर्ने कागजातहरु/वडा सचिवले संकलन गर्नुपर्ने कागजातहरु :**

- नागरिकता प्रमाण पत्रको फोटोकपि, बैंक चेकको फोटोकपि, सक्कलै सामाजिक सुरक्षा परिचयपत्र र राष्ट्रिय परिचय पत्र नम्बर
- बिधुवा/एकल महिलाको हकमा पतिको मृत्युदर्ताको फोटोकपि, वडा कार्यालय बाट अविवाहित सिफारिस र राष्ट्रिय परिचय पत्र नम्बर
- बालबालिकाको हकमा जन्मदर्ताको फोटोकपि, संरक्षक बाबु वा आमाको नागरिकताको फोटोकपि, फोटो र राष्ट्रिय परिचय पत्र नम्बर
- अपाङ्गता भएको व्यक्तिको हकमा नगरपालिकाबाट जारी भएको अपाङ्गता परिचयपत्रको फोटोकपि, नागरिकता वा जन्मदर्ता तथा संरक्षकको नागरिकता प्रमाणपत्रको फोटोकपि, फोटो र राष्ट्रिय परिचयप पत्र नम्बर

**पुनश्च :**

- सामाजिक सुरक्षा परिचयपत्र नवीकरण निवेदनको ढाँचा एवं राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग, सिंहदरबार, काठमाण्डौ बाट च.नं. ६७० मिति २०८३।०३।३१ मा जारी भएको सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य लाभग्राहीको सूचिकरण तथा नविकरण सम्बन्धी जानकारी यसै सूचनासाथ संलग्न छ ।
- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०८२ को दफा ५ बमोजिम सोह वर्ष उमेर पूरा नभएको बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने अशक्त र नब्बे वर्ष माथिका ज्येष्ठ नागरिकहरुलाई लाभग्राहीमा सूचिकृत हुन राष्ट्रिय परिचय नम्बर अनिवार्य हुने छैन ।

**बोधार्थ :**

१) श्री सूचना प्रविधि शाखा, सूचना सम्प्रेषणको लागि ।
२) श्री १ देखि १२ वटै वडा कार्यालय, आवश्यक समन्वय तथा सूचना टास गर्नु हुन ।

सुवर्ण घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार

# महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय

सिंहदरबार, काठमाडौं ।

प.सं.:- /सं.सं.स /०८२/८३
च.नं.:- 860

मिति २०८३/०३/३१
नेपाल सम्वत्:११४६

श्री स्थानीय तह सबै।

विषय : सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य लाभग्राहीको सूचिकरण तथा नविकरण सम्वन्धमा ।

१. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सबै लाभग्राहीहरुको सामजिक सुरक्षा (तेस्रो संशोधन) नियमावली,२०८२ को नियम (९) बमोजिम असोज मसान्तभित्र सामाजिक सुरक्षा परिचयपत्र नविकरण गर्नु गराउनुहुन ।

२. सबै लाभग्राहीहरुले आ-आफ्नो वडा कार्यालयमा (अस्थायी बसोवास रहेको वडा कार्यालयमा समेत- **Biometric** गरिसकेको अवस्थामा) स्वयम् उपस्थित भई जैविक पहिचानका आधारमा नविकरण गरी २०८४ असार मसान्त सम्मको सामाजिक सुरक्षा भत्ता प्राप्ति सुनिश्चित गर्नु गराउनुहुन ।

३. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नविकरण गर्दा राष्ट्रिय परिचय नम्बरका आधारमा जैविक पहिचान (**Biometric Device-Finger Print/Iris Device**) मार्फत गर्नु गराउनुहुन ।

४. सामाजिक सुरक्षा भत्ता नविकरण गर्ने समय असोज मसान्त सम्म रहेको हुँदा वडा कार्यालयमा भिडभाड कम गरी नविकरण कार्य व्यवस्थित गर्न वडा कार्यालय मार्फत आवश्यक सहजीकरण गर्नुहुन ।

(नोटः १. सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०८२ को दफा ५ बमोजिम सोह वर्ष उमेर पूरा नभएको बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने अशक्त र नब्बे वर्ष माथिका ज्येष्ठ नागरिकहरुलाई लाभग्राहीमा सूचिकृत हुन राष्ट्रिय परिचय नम्बर अनिवार्य हुने छैन।

२. यस उप्रान्त सामाजिक सुरक्षा सम्वन्धमा पत्राचार, सम्पर्क गर्दा यस मन्त्रालयको इमेल socialsecurity@mowcgss.gov.np, फोनं. नं. ०१-४२००२७५ मार्फत सम्पर्क गर्नुहुन अनुरोध छ।)

(सुशिला पौडेल)
शाखा अधिकृत

अनुसूची-३

(दफा ७ को उपदफा (१)सँग सम्बन्धित)

## परिचयपत्र नवीकरणका लागि दिने निवेदनको ढाँचा

मितिः

विषयः परिचयपत्र नवीकरण सम्बन्धमा।

श्री वडा अध्यक्षज्यू,
.......................... गाउँपालिका/नगरपालिका,
वडा नं .......
जिल्ला ..................
प्रदेश ..................

प्रस्तुत विषयमा चालु आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नका लागि परिचयपत्र नवीकरण गरिदिनु हुन देहायको विवरण सहित निवेदन पेश गरेको छु।

म सरकारी वा सार्वजनिक पदमा नियुक्ति, निर्वाचित, मनोनित भएको व्यक्ति होइन र मैले नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्वमा भएको संगठित संस्थाबाट नियमित रुपले पारिश्रमिक, निवृतभरण, अवकाश सुविधा वा अन्य सुविधा पाएको छैन। मेरो उल्लिखित व्यहोरा ठीक साँचो हो, झुट्टा/फरक ठहरे प्रचलित कानून बमोजिम सहुँला बुझाउँला।

साठी वर्ष भन्दा मूनिका विधवा महिला लाभग्राहीको हकमा अर्को विवाह नभएको र सामाजिक सुरक्षा भत्ता पाउन कुनै कानूनले अयोग्य नभएको व्यहोरा प्रमाणित भएको हुनुपर्नेछ।

लाभग्राहीको विवरणः

नाम थरः- लिङ्गः-

लक्षित समूहः- सामाजिक सुरक्षा परिचयपत्र नंः-

राष्ट्रिय परिचयपत्र नंः- सम्पर्क मोबाइल नंः-

दस्तखतः- मितिः-

२५